आजमिति २०७७४।२९ गते विहिवारका दिन विहान १२:०० वजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको देहाय वमोजिमको गाउँ कार्यपालिकाका सदस्यहरुको वैठकको उपस्थितीमा देहाय वमोजिमको प्रस्ताव माथि छलफल गरी तपशिल वमोजिमको निर्णय गरियो ।

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदम माया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लालबहादुर स्याङ्तान | |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराजअधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलालश्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुधकुमारी ठकुरी | |
| १७ | कार्यपालिका सदस्य | श्री देवमायाश्रेष्ठ | |
| १८ | कार्यपालिका सदस्य | श्री [illegible] बहादुर परियार | |
| १९ | कार्यपालिका सदस्य | श्री भगवतीश्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीतामायाथापा | |

सहजकर्ता : श्री सुरेश कुमार बराल सहायक पात्रों
: श्री सञ्जय थापा सूचना प्रविधि अधिकृत
: श्री तारानाथ अधिकारी का.स.

# निर्णयहरु

१. आ.व. ०७७/७८ को योजना तथा कार्यक्रम सञ्चालन गर्न यस अघि जारी भएको सूचना अनुसार स्वास्थ्य सुरक्षा अपनाई तत्काल उपभोक्ता समिति गठन गरी योजनाका काम अघि बढाउने प्रतिवद्धता गरियो ।

२. कोरोना भाइरस नियन्त्रण तथा रोगथामको लागि देहाय बमोजिम गर्ने ।
क.सार्वजनिक यातायात मिति २०७७।५।१ देखि मिति २०७७।५।७ गते सम्म पूर्ण रुपमा वन्द गर्ने ।
ख.वडा र गाउँपालिकाले सामाजिक सञ्जाल, वेवसाइट तथा सूचना पाटीमा सचेतना सम्बन्धी जानकारी प्रकाशन गर्ने ।
ग.भौतिक दूरी कायम गर्ने ।
घ. वडा कार्यालयमा लगायत अन्य सरकारी निकाय मास्क र स्यानिटाइजरको प्रयोग लाई अनिवार्य गर्ने ।
ङ. सभा सम्मेलन, गोष्ठी, सेमिनार, जमघट र भेला हुन नदिने ।
च. यसका लागि गा.पा., वडा, सुरक्षाकर्मी, कर्मचारी, शिक्षक, विद्यार्थी र नागरिक सबैलाई सचेत हुन जानकारी गराउने ।
छ. बेलघारी र लाम्पन्टार गरी २ ठाउँमा १५ /१५ जना क्षमताको क्वारेन्टाइन निर्माण गर्नको लागि प्राविधिक शाखाका कर्मचारीलाई सर्वे स्टिमेटको लागि खटाउने ।

३. सम्पूर्ण वडा कार्यालयवाट माग भए वमोजिम तार पोल र अन्य विद्युतीय सामाग्री विद्युत प्राधिकरण शाखा सिन्धुलीलाई लेखी पठाउने ।

४. आन्तरिक कर संकलन प्रयोजनार्थ गिट्टी, बालुवा, ढुङ्गाको आन्तरिक कर संकलन IEE प्रतिवेदन तयार गरी ठेक्का लगाउन आवश्यक कार्य अघि बढाउने । यस अघि भएको कर वक्यौता असुल गर्नको निम्ती आवश्यक कारवाही अगाडि वढाउने ।

५. चकमके हाटबजार व्यवस्थापन गर्न आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्ने गरी संचालन गर्न विद्युत, पानी र शुल्क निर्धारणको व्यवस्था गर्न ।

६. अदालतबाट सजाय पाई दण्ड जरीवाना असुल गर्ने प्रयोजनको लागि जिल्ला अदालत, सिन्धुलीबाट त्यस्तो सजाय पाउने व्यक्तिबाट दण्ड जरीवाना असुल नभएसम्म गा.पा. र वडाबाट प्रदान गर्ने सेवा सुविधा रोक लगाउने, सोको लागि सूचना प्रकाशन गर्ने साथै कार्यान्वयन गर्न वडामा जानकारी गराउने ।

७. स्थानीय सेवा अन्तर्गत प्रयोग हुने कर्मचारीको कार्य सम्पादन मूल्यांकन फाराम स्वीकृत गर्ने ।

८. आ.व. ०७६/७७ मा कार्यसम्पादनमा उत्कृष्ट उपभोक्ता समिति २ र उत्कृष्ट कर्मचारी १ छनौट गर्न निम्न बमोजिम समिति गठन गर्ने र पुरस्कार राशि १०,०००।- सहित प्रत्येकलाई संविधान दिवसका दिन असोज ३ गते पुरष्कृत गर्ने ।

क. उत्कृष्ट उपभोक्ता छनौट समिति

| | |
|---|---|
| उपाध्यक्ष | संयोजक |
| योजना अनुगमन अधिकृत | सदस्य |
| इन्जिनियर | सदस्य |

ख. उत्कृष्ट कर्मचारी छनौट समिति

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रमुख, सामान्य प्रशासन समिति | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राविधिक सहायक पदको छनौटको लागि इन्जिनियर प्रकाश मगरलाई विषय विज्ञ तोक्ने निर्णय गरियो ।

१०. जनजाति समाजिक विकास कार्यक्रम यस गा.पा.का वडा नं. १,२,३ मा यस अघि संचालन हुँदै आएको किशोरी तथा युवा महिला र बाल प्रत्याभूत कार्यक्रम अन्तर्गत Head and divide and sponsorship communication कार्यक्रम संचालनका लागि स्वीकृति प्रदान गर्ने ।

११. कृषि सामग्री मिनि/पावर ट्रिलर वडावाट माग भए वमोजिम वजेटले भ्याउने गरी उपलब्ध गराउने ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धी देहायका योजना छनौट गर्ने ।

| | |
|---|---|
| १. झुँगाखोला कल्भर्ड | - वडा नं. १ |
| २. तिल्पुङ तोश्राम डाडाखोला | - वडा नं. ८ र ७ |
| ३. जिर्गा वोक्सेटार सिचाई कुलो | - वडा नं. ३ |
| ४. क्यापस जाने सडक स्तरउन्नती | - वडा नं. २ |
| ५. अर्मले दोभान डुडे मा.वि. गडाम्रे सडक | - वडा नं. ६ |

१३. वडामा सडक मर्मत तथा अन्य विकास निर्माणको काम गर्ने प्रयोजनको लागि पालिकाको भित्रको मुलवाटो गा.पा.वाट र वडाहरुको सहायक वाटो वडावाट शुल्क व्यहोर्ने गरी संचालन गर्ने साथै यस अधिको वक्यौता असुल गर्न ताकेता गर्ने ।

१४. यस पालिकाको "घ" वर्गको निर्माण व्यवसायीको इजाजत सम्वन्धी कार्यविधि, २०७५ अनुसार सम्पूर्ण प्रक्रिया पुरा गरी श्री ए.सी.कला.निर्माण सेवा, तीनपाटन-२ सिन्धुलीवाट इजाजत पत्र प्राप्तीको लागि निवेदन पर्न आएकाले सो निर्माण सेवालाई "घ" वर्ग निर्माण व्यवसायीको इजाजत पत्र दिने निर्णय गरियो ।